**बित्थडचिर गाउँपालिका, बझाङ**

**आर्थिक वर्ष २०८०।०८१ को**

# नीति तथा कार्यक्रम

**बित्थडचिर गाउँपालिका**

गाउँ कार्यपालिकाको कार्यालय

देउलेख, बझाङ

सुदूरपश्चिम प्रदेश, नेपाल

मितिः २०८० अषाढ १० गते

**“ कृषि, पर्यटन र पूर्वाधार विकास, समृद्ध बित्थडचिरको आधार ”**

गाउँसभा सदस्य ज्यूहरु,

विभिन्न राजनीतिक दलका जिम्मेवार प्रतिनिधि ज्यू,

विभिन्न तह र तप्कामा रहि कार्यरत सम्मानित व्यक्तित्वहरु,

राष्ट्रसेवामा समर्पित राष्ट्रसेवक कर्मचारीहरु, सुरक्षाकर्मीहरु,

उपस्थीत पत्रकार महानुभावहरु, नागरीक समाज साथै सम्मानीत बित्थडचिर वासी आम जनसमुदायहरु,

यस बित्थडचिर गाउँपालिकाको अध्यक्षको हैसियतले दोस्रो पटक गाउँपालिकाको नीति तथा कार्यक्रम यस सम्मानीत गाउँ सभामा पेश गर्न पाउँदा गौरव महशुस गरेको छुँ। यस विशिष्ट अवसरमा राज्य लाई आजको अवस्था सम्म ल्याई पुर्याउन समयको विभिन्न काल खण्डमा देश निर्माण तथा राज्य व्यवस्था परिवर्तनका लागी आफ्नो अमूल्य जिवन समर्पण गर्ने सम्पूर्ण महान सहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली व्यक्त गर्दछुँ। साथै बेपत्ता तथा घाईतेहरु र निजहरुका आश्रित परिवार जनहरु प्रति समेत उच्च सम्मान प्रकट गर्दै सम्पूर्ण बित्थडचिर वासी आम जनताहरु प्रति हार्दिकता पूर्वक सम्मान व्यक्त गर्दछुँ।

हाम्रो स्थानीय सरकारलाई नेपालको वर्तमान संविधान तथा लोकतान्त्रिक शासन व्यवस्थाको रक्षा गर्ने एक खम्बाको रुपमा लिँदै सामाजिक न्याय सहितको समृद्ध र आर्थिक सामाजिक एवमं साँस्कृतीक रुपान्तरणको पक्षमा पूर्ण समर्पणका साथ क्रियाशिल हुने हामी जन-निर्वाचित प्रतिनिधिहरु शासक नभई जनताका सेवक हौँ भन्ने कुरालाई मनन गर्दै जनताको सेवा गर्न वाट कहिल्यै बिचलित नहुने र बित्थडचिर वासी जनताको जनजिवनमा सकारात्मक रुपले तात्वीक परिवर्तन ल्याउन निरन्तर प्रयासरत रहने संकल्प समेत व्यक्त गर्दछौँ।

सभाका सदस्य ज्यूहरु,

अव म हाम्रो सरकारले चालु आव २०७९।८० का लागि गत वर्ष तय गरेका नीति तथा कार्यक्रमहरुको कार्यान्वयनको अवस्थाको समिक्षा यहाँहरु माझ प्रस्तुत गर्न चाहान्छुँ।

एक वडा एक उत्पादनको नीति लाई साकार पार्न चालु आव मा वडा न २ र ४ मा पुरानो आलु पकेट कार्यक्रमको निरन्तरता वडा न १ मा नयाँ आलु पकेट कार्यक्रम सन्चालन, वडा न ३ परिक्षणको रुपमा किवी खेती, वडा न ५ मा बाख्रा पकेट कार्यक्रम र वडा न ६,७,८ र ९ मा तरकारी पकेट विकास कार्यक्रम सँचालन गरिएकोछ। माटो परिक्षण शिविर सँचालन गरीएको छ। किसान सुचिकरण कार्यक्रम सँचालन गरिएकोछ। पशु चौपायाहरुमा महामारीको रुपमा फैलिएको लम्पि स्किन रोगले पशुपालक किसानहरु लाई आक्रान्त वनाई रहेको अवस्थामा किसानहरु लाई केहि मात्रामा भए पनि राहात होस भन्ने उद्देश्यले पशु स्वास्थ शिविरहरु ९ वटै वडाहरुमा सँचालन गरिएकोछ। पशुहरुमा नस्ल सुधारका कार्यक्रमहरु संचालन गरिएको छ। अगुवा किसानहरु लाई तालिम तथा अभिमुखिकरण कार्यक्रम सँचालन गरिएकोछ। मकै आत्म निर्भर कार्यक्रम ९ वटै वडाहरुमा सँचालन गरिएकोछ। देउलेख प्राथमिक स्वास्थ्य केन्द्रमा अन्तरंग सेवा र आँखा सेवा थप गरि सँचालन गरिएकोछ। सामुदायीक विद्यालयमा कार्यरत शिक्षक हरु लाई तालिमको सुरुवात गरिएकोछ। शिक्षा क्षेत्र लाई व्यवस्थित बनाउन पहिलो चरणमा गाउँ पालिकाको शिक्षा ऐन जारी गरिएकोछ। महिला, दलित तथा अल्पसंख्यक को हितमा बजेट तथा कार्यक्रम तय गरी कार्यान्वयन गररिएकोछ। केही मात्रामा भए पनि प्रधानमन्त्री रोजगार कार्यक्रममा पालिकाको तर्फ वाट सामाग्रि खरिदका लागि बजेट विनियोजन गरी उक्त कार्यक्रम वाट सम्पादीत योजनाहरुको दिगोपना कायम गर्ने प्रयास गरिएकोछ। वडा न ९ को मल्ला धारी र भतडा बस्तीलाई सडक सञ्जालमा जोडिएको छ। टुक्रे योजना लाई निरुत्साहित गर्दै छुटपिट बाहेक अधिकतम योजनाहरु रु ५ लाख भन्दा माथिका वनाईएको छ। गाउँपालिकाको प्रशासकीय भवन निर्माणको कार्य करिव अन्तिम चरणमा पुगेको छ, देउलेख स्थीत १५ शैय्याको अस्पतालको रोकीएको निर्माण कार्य सुचारु गरिएको छ। विद्यालय भवनहरु, खानेपानीहरु लगायतका अन्य भौतिक पूर्वाधार निर्माणका थुप्रै कार्यहरु गरिएकोछ। उज्यालो गाउँपालिका अभियानलाई साकार पार्न नेपाल विद्युत प्राधिकरणको सहकार्य तथा लगानी साँझेदारीमा रु. २ करोड बराबरको काम गर्ने गरी विद्युत विस्तारको कार्य सुचारु गर्न टेन्डर आह्वान भई स्वीकृत समेत भै सकेको छ र उक्त कार्य अबको केहि दिन मै प्रारम्भ हुनेछ। विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरु सँग निरन्तर सहकार्य गरि विभिन्न सामाजिक विकासका कार्यक्रमहरु सुचारु गरिएकोछ। विपद व्यवस्थापन तथा विभिन्न भौतिक

निर्माणका कार्यहरु लाई सहज गर्न तथा गाउँपालिका भित्रका ग्रामिण शाखा सडकहरु लाई निरन्तर सँचालन गर्न व्याक हो लोडर खरिद गरिएको छ । गाँउपालिका वाट हुने सम्पुर्ण आर्थिक कारोवारमा विद्युतीय भुक्तानी प्रणाली (EFT) लागु गरिएकोछ ।

गाउँ सभा सदस्य ज्यूहरु , अन्य उपस्थित महानुभावहरु,

बर्तमान बदलिदो परिवेशमा जनतामा जागेको तिब्र विकास को भोक र स्थानीय सरकार सँग रहेको आर्थिक स्रोतका विच निकै ठूलो असमानता रहेको अवस्था जग जाहेर नै छ । कोभिड-१९ का कारण प्रभावित भएको देशको अर्थ तन्त्रले लय समात्न लागेको बेला सुरु भएको रुस र युक्रेन बिचको युद्दका कारण पेट्रोलियम पदार्थमा भएको मूल्य बृद्दी लगायतका कारण महङ्गी बढ्न गई देशको अर्थतन्त्र नै आशिंकरुपले संकट तिर धकेलिएको तथा हाम्रो स्थानीय सरकारको आन्तरीक आम्दानी न्यून रहेकोले विगतका आर्थिक वर्षहरुमा भन्दा आर्थिक वर्ष २०८०।०८१ को समग्र बजेट सिलिङ घटेर आएको साथै चालु आर्थिक वर्ष २०७९।८० को प्राप्त बजेट सिलिङमा समेत करिव १ करोड ५३ लाख रुपैयाँ हाल सम्म निकासा रोक्का भएको अवस्थामा हाम्रो स्थानीय सरकारले चालु आर्थिक वर्षको उक्त व्ययभार समेत आगामी आर्थिक वर्ष २०८०।८१ का लागि जिम्मेवारी सर्ने अवस्था छ, साथै अघिल्ला आर्थिक वर्षहरु देखि नै निर्माण सुरु भएका स्थानीय सरकारको लगानी साँझेदारी रहेका संघीय तथा प्रदेश सरकार वाट प्राप्त समपुरक आयोजनाहरुमा समेत विगतका वर्षहरुमा प्रयाप्त रुपमा वजेट विनियोजन नगरीएको, हाल आएर उक्त योजनाहरु निर्माणको अन्तिम चरणमा रहेकोले यो सरकारले अनिवार्य रुपमा वजेट विनियोजन गर्नै पर्ने वाध्यात्मक परिस्थीती सृजना भएकोछ । उल्लेखित विषम परिस्थितिहरुका विच स्वाधीन, समुन्नत एवम् आत्मनिर्भर अर्थ तन्त्र निर्माणको आवश्यकता र संविधानमा नै उल्लेखित समाजवाद उन्मुख अर्थ व्यवस्थाको आधार निर्माण गर्न सके मात्रै समाजमा विद्धमान विभिन्न किसिमका असमानताहरुको अन्त्य हुन सक्छ । संविधानले गणतन्त्र, समावेशिता, धर्मनिरपेक्षता, संघीयता, सकारात्मक विभेद सहितको समानुपातिक प्रतिनिधित्व सहितको समाजवाद उन्मुख राज्य व्यवस्थाको परिकल्पना गरेको भएता पनि यस गाउँपालिकाको समग्र अवस्था भने बमोजिम परिवर्त गर्न सकियको अवस्था छैन । उल्लेखित संवैधानीक व्यवस्था लाई साकार पार्न तथा जनताका समस्याहरु लाई एकिकृत रुपमा सम्बोधन गर्न गाउँपालिकामा विद्धमान सम्भावनाहरुको भर पुर उपयोग तथा चुनौतीहरुलाई सामूहिकरुपमा डटेर सामना गरी, व्यवस्था मात्रै नभई अवस्था समेत परिवर्तन हुने र जनताले महशुस गर्न सक्ने गरी जनजिविकामा नै परिवर्त गर्नु पर्ने गरी वस्तुनिष्ठ र कार्यान्वयन गर्न सक्ने गरी जनमुखी नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयनको पक्षलाई बलियो बनाउनु जरुरी छ ।

यस गाउँपालिकाको निर्वाहमुखि कृषि प्रणाली, न्यून उत्पादकत्व तथा बाँझा जमिनहरु, उच्च वेरोजगारी, जनशक्तिको पलायन, सिमित श्रोत तथा साधनहरुका विच परिपूर्ती गर्नु पर्ने असिमित जनचाहानाहरु लगायतका समस्याहरुका विच वाट नेपालको संविधान तथा स्थानिय सरकार संचालन ऐन, २०७४ ले स्थानिय सरकार लाई दिएका हक र अधिकारहरु लाई कागजमा मात्र नभएर जीवन व्यवहारमा रुपान्तरण गर्न तथा समग्र बित्थडचिरको विकाश गर्न यो नीति तथा कार्यक्रम कोशे ढुङ्गा सावित हुने विश्वासका साथ अघी सारेको छुँ । सबै प्रकारका विभेदहरुको अन्त्य गर्दै पछाडी परेको भुगोल तथा समुदायको उत्थान गर्न संविधान प्रदत्त स्थानीयतहको अधिकार लाई प्रभावकारी रुपमा कार्यान्वयन गरी, प्राप्त साधन र स्रोतको न्यायोचित वितरण गर्दै कार्यकारी अधिकार लाई बित्थडचिर वासीको समृद्धीका लागि प्रयोग गर्ने संकल्पका साथ**" कृषि, पर्यटन र पूर्वाधार विकास, समृद्द बित्थडचिरको आधार "** को लक्ष्य सहित यो नीति तथा कार्यक्रम सम्मानीत सभामा प्रस्तुत गरेको छुँ ।

## (क) शिक्षा युवा तथा खेलकुद क्षेत्रः

**" गुणस्तरीय, पहुँचयोग्य र प्रविधियुक्त शिक्षाः बित्थडचिर गाउँपालिकाको अपेक्षा " भन्ने उदेश्य सहित**

१. एक विद्यालय एक बालविकास केन्द्रको अवधारणा प्रभावकारी रुपमा लागु गरी प्रारम्भिक बालविकास केन्द्रको सिकाइ सुधारको लागि प्रारम्भिक बालबिकास केन्द्रको **पाठ्यक्रम २०७७ लाई प्रभावकारी कार्यान्वयनमा** ल्याइनेछ। बालविकास सहजकर्ता शिक्षकको पेशागत सहयोगका लागि पालिकास्तरमा स्थानीय विज्ञ समूहको परिचालन, क्लस्टर निर्माण तथा परिचालन गरी पेशागत सहयोग कार्यक्रम लागू गरिनेछ । साथै मागमा आधारित छोटा अवधिका कस्टमाइज्ड तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

२. आवश्यकताको आधारमा विद्यालयको नक्साङ्कन, समायोजन र पुनःर्वितरण गरी शिक्षक दरबन्दी मिलानको कार्यलाई आवश्यक कार्य विधिको आधारमा छिट्टै टुङ्गोमा पुऱ्याइनेछ ।

३. विद्यालयमा सबै बालबालिकाको पहुँच सुनिश्चितताको लागि छात्रवृत्ति लगायतका कार्यक्रमलाई निरन्तरता दिइनेछ । कक्षा ८ र १० मा विपन्न लक्षित छात्रवृत्ती कार्यक्रममा सबै बालबालिकाको पहुँच विस्तार गर्न विद्यालयहरुलाई आवश्यक सहजीकरण गरिनेछ । विपन्न, गरिब, पिछडिएका वर्ग तथा भिन्न क्षमता भएका बालबालिकाहरुको पहिचान गरी शैक्षिक सहयोग कार्यक्रम लागु गरिनेछ ।

४. विद्यालय तहको शिक्षण सिकाइमा सुधार गर्नको लागि सबै कक्षाहरुमा शिक्षक विद्यार्थी तथा अभिभावक बाट निर्मित (नो कस्ट लो कस्ट ) शैक्षिक सामग्री निर्माण कार्यक्रम लागू गरिनेछ । सह-क्रियाकलापलाई सिकाइको अभिन्न अंगका रुपमा विकास गरिनेछ । साथै शैक्षिक गुणस्तर ,सुशासन तथा जवाफदेहिता अभिवृद्धीका लागि सरोकारवाला बीच पालिकास्तरमा समन्वयात्मक अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।

५. विद्यालयमा सिकाइ वातावरण सुनिश्चित गर्न तथा प्रस्तावनामा आधारित पालिका प्रमुख शैक्षिक सुधार कार्यक्रम सञ्चालन तथा पालिका स्तरीय नमूना विद्यालय तथा आवासीय विद्यालय विकास कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

६. विद्यालय शिक्षा पाठ्यक्रम कार्यान्वयन प्रभावकारिताको लागि कक्षा १- ३ मा निरन्तर मूल्याङ्कनलाई अनिवार्य गरिनेछ र कक्षा ८ मा पालिकास्तरीय परीक्षा सञ्चाल तथा व्यवस्थापन कार्यलाई थप व्यवस्थित गरिनेछ ।

७. विद्यालयको शैक्षिक नेतृत्वलाई बलियो बनाउन परीक्षा मार्फत प्रतिस्पर्धाका आधारमा प्र अ नियुक्ति गरिनेछ । हरेक वर्ष प्रधानाध्यापको कार्यसम्पादन करार सम्झौता प्रणालीको विकास गरिनेछ ।

८. बालबालिकाको सिकाइका लागि अभिभावक सशक्तीकरण तथा प्रोत्साहन कार्यक्रम लागू गरिनेछ ।विद्यालय शिक्षामा उत्कृष्ठ कार्यसम्पादन देखाउन सफल विद्यालय,प्रधानाध्यापक तथा शिक्षकहरुलाई शिक्षा दिवसको अवसरमा विशेष सम्मान कार्यक्रम सञ्चालन गरिनेछ ।

९. विपदको बेलामा पनि सिकाइलाई निरन्तरता दिन तथा सिकाइमा भएको क्षति आपुरण कार्यका लागि कक्षा ८ र १० का बालबालिकाको लागि अतिरिक्ति सिकाइ कक्षाको वैकल्पिक सिकाइ कार्यविधि तयार पारी प्रभावकारि रुपमा कार्यान्वयनमा लगिनेछ ।

१०.विद्यालयलाई आधुनिक सूचना प्रविधिसित जोड्न पालिकाले प्रविधिमैत्री सिकाइ कार्यक्रम सञ्चालन गर्नेछ साथै सबै विद्यालयमा आइटि ल्यावको स्थापनामा सबै विद्यालयहरुलाई जोडिनेछ ।

११.मासिक चक्रमा प्रवेश गरेका छात्राहरुको पढाइमा निरन्तरता दिन तथा स्वास्थ्य सरसफाइका लागि मासिक रुपमा स्यानेटरी प्याडको वितरण तथा व्यवस्थापन कार्यलाई व्यवस्थित गरिनेछ ।

१२.नेपाल सरकार र विश्व खाद्य कार्यक्रमको साझेदारीमा सञ्चालित दिवा खाजा कार्यक्रम र यसका पुरक कार्यक्रमहरु (विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम, प्रारम्भिक तह कक्षा पढाइ कार्यक्रम (EGRP),स्थानीय उत्पादनमा आधारित दिवा खाजा कार्यक्रम) साझेदार संस्था विश्व खाद्य कार्यक्रम र यस पालिकाको साझेदारी र समन्वयमा प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

१३.विद्यालय क्षेत्रलाई शान्तिपूर्ण र हरित विद्यालयका रुपमा विकास गर्नका लागि विद्यालय परिसरमा वृक्षारोपण कार्यलाई प्रोत्साहित गरिनेछ ।

१४.खेलकुदलाई गाउँपालिकाको अभिन्न अंगको रुपमा विकास गर्न आवश्यक पहल गरिनेछ । खेलकुद विकास का लागि सबै वडाहरुमा आवश्यक न्यूनतम पूर्वाधार निर्माणका लागि आवश्यक व्यवस्था गरिनेछ । पालिका स्तरमा खेलकुद स्टेडियम निर्माण का लागि पहल गरिनेछ ।

१५. खेलाडीहरुको प्रतिभा प्रस्फुटनका लागि विभिन्न स्तरमा आयोजना हुने विभिन्न विधाका खेलकुदहरमा सहभागी गराउने व्यवस्था गरिनेछ । उत्कृष्ट खेल प्रदर्शन गर्ने खेलाडीहरु लाई सम्मान सहित उचित प्रोत्साहन गर्ने व्यवस्था गरिनेछ ।

१६.स्थानीय कला विकास र संरक्षणका लागि आवश्यक,साहित्यको प्रवर्धन-संस्कृत भाषा,कार्यक्रम तय गरी लागु गरिनेछ।

१७. बित्थडचिर लगायत छीमेकी स्थानीय तहको शैक्षीक धरोहर, उच्च शिक्षा अध्ययनको थलो सुनकुडा नमुना क्याम्पसको शैक्षिक तथा भौतिक गुणस्तर अभिबृद्धिका लागि आवश्यक व्यवस्थापन गरिनेछ ।

१८. पालिका क्षेत्रभित्रका सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुले शैक्षिक वर्षको अन्तमा आन्तरिक मुल्याङ्कन प्रतिवेदन निर्माण गरि सार्वजनिक गर्ने व्यवस्था गरिनेछ।

१९.अंग्रजी,नेपाली, गणित र बिज्ञान विषयको सिकाईलाइ सशक्त बनाउन घुम्ति सिविर र प्रतियोगितात्मक कार्यक्रम लाई नमुनाको रुपमा सुरुवात गरिनेछ।

२०.गाउँपालिकालाइ विषयवस्तु मानेर गरिने गाउँपालिका स्तरिय चित्रकला प्रतियोगिताको आयोजना गरिनेछ।

२१.बुढा- बुढी कथा सुनाउने र बाबु-नानी प्रविधि सिकाउने कार्यक्रम लागु गरिने छ।

२२. गाउँपालिका भित्रका सामुदायिक बिद्यालयहरु लाइ खेलकुद क्षेत्रमा प्रोत्साहन गर्न खेलकुद सामाग्रीको व्यवस्थापन गरिनेछ।

ख) **स्वास्थ्य क्षेत्रः**

"गुणस्तरिय स्वास्थ्य सेवा प्रवाह, स्वस्थ जीवनको आधार, प्रतिवद्ध स्थानीय सरकार" भन्ने नाराका साथ

१. स्वास्थ्य सेवामा नागरिकको पहुँच सुनिश्चित हुने गरी गाउँपालिका क्षेत्र भित्र रहेका प्राथमीक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकीहरु, आधारभुत स्वास्थ्य सेवा केन्द्रहरु लाई थप व्यवस्थित गरिनेछ।

२. देउलेख प्राथमीक स्वास्थ्य केन्द्र वाट प्रवाह हुने स्वास्थ सेवाहरु लाई थप व्यवस्थित गर्दै लगिनेछ। प्राथमिक स्वास्थ्य केन्द्रको ल्याव सेवा लाई व्यवस्थित र विस्वसनीय बनाउनका लागि आवश्यक उपकरणहरुको व्यवस्था मिलाईनेछ। प्राथमिक स्वास्थ्य केन्द्र वाट प्रवाह हुने आयुर्वेद सेवा लाई थप प्रभावकारी बनाउन आवश्यक पहल गरिनेछ।

३. जेष्ठ नागरिकहरु लाई उच्च रक्तचाप, मधुमेह, दम जस्ता दिर्घ रोगहरुको निःशुल्क जाँच र उपचारको प्रबन्ध मिलाइनेछ।

४. सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको नियमित स्वास्थपरिक्षण गर्ने व्यवस्था मिलाइनेछ।

५. गाउँपालिका क्षेत्र भित्रका बर्थिङ सेन्टरहरु लाई व्यवस्थित गर्दै आवश्यक सामाग्रि र औषधि समेतको प्रभावकारी व्यवस्थापन साथै कार्यरत जनशक्ति लाई तालिमको व्यवस्था गरिनेछ।

६. आर्थिक रुपले विपन्न गर्ववतीहरुका लागि पालिका भित्र निःशुल्क एम्बुलेन्स सेवा लाई निरन्तरता दिईनेछ।

७. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको दक्षता विकासतालिम उपलब्ध गराई उनीहरुको सेवालाई प्रभावकारी तुल्याइनेछ।

८. स्वास्थ्य संस्थाहरु को प्रभावकारी सेवाविस्तारका लागि सार्वजनिक संस्था, निजी क्षेत्र र गैरसरकारी संस्थाहरु सँग सहकार्यको नीतिलाई निरन्तरता दिइनेछ। स्वास्थ्य विमा कार्यक्रम लाई प्रभावकारी रुपले लागु गर्न पहल गरिनेछ। सीमान्तकृत, गरीव तथा पछाडी परेका जनसमुदायहरु लाई निःशुल्क स्वास्थ्य बीमा कार्यक्रम लागु गरिनेछ।

९. स्वास्थ चौकीहरुमा ल्याब सेवा सञ्चालनका लागि विशेष पहल गरिनेछ।

१०. सामुदायीक विद्यालयका छात्रा लाई विद्यालयमा नै आईरन चक्की तथा जुकाको औषधी खुवाउने कार्य लाई थप व्यवस्थीत गरी प्रभावकारी रुपमा लागु गरिनेछ।

११. गाउँपालिकाको भित्रमा सुनौला १००० दिनका गर्भवती तथा सुत्केरी आमाहरु र बालबालिकाहरुको पोषणको अवस्था सुधारका लागि विशेष कार्यक्रम तयार गरी लागु गरिनेछ ।

१२. गाउँपालिका वाट दिईने विपन्न नागरिक उपचार सहायता रकम आवश्यक कार्यविधि तयार गरी छिटो छरितो तरिकाले वितरण गर्ने प्रबन्ध मिलाईनेछ।

१३. समुदायमा कार्यरत महिला स्वास्थ्य स्यम सेविकाहरुले प्रवाह गर्नु भएको सेवाको उच्च सम्मान गर्दै उहाँहरु लाई उचित प्रोत्साहन तथा आवश्यक तालिम समेतको व्यवस्था गरिनेछ ।

१४. सरकारको नीति बमोजिम सरकारी स्वास्थ्य संस्था वाट पाउनु पर्ने निःशुल्क सेवाहरु तथा औषधीहरु को उचित व्यवस्थापन सहित निरन्तरता दिईनेछ।

१५. दुर्गम तथा स्वास्थ्य संस्थाको पहुँचमा पुग्न नसक्ने जेष्ठ नागरिक तथा फरक क्षमता भएका व्यक्तिहरुका लागि गाउँमै निःशुल्क स्वास्थ्य चेक जाँच तथा आवश्यक औषधि उपचारका लागि स्वास्थ्य शिविरको व्यवस्था गरिनेछ।

१६. स्थापना भएका स्वास्थ्य संस्थाहरुको भौतिक संरचनाहरुको स्तरोन्नती तथा थप भौतिक संरचनाहरु निर्माण गर्न आवश्यक व्यवस्था गरिनेछ।

१७. ग्रामिण क्षेत्रमा निःशुल्क गर्भवती चेकजाँच (अल्ट्रा साउण्ड) सेवा लाई निरन्तरता दिईनेछ ।

१८. प्रत्यक वडामा आपतकालिन उद्धार समुह गठन गरि उनिहरुलाइ प्राथमिक उपचार तालिम प्रदान गरिनेछ ।

१९. प्रत्यक ३ महिनामा रक्तदान कार्यक्रम सञ्चालन गरिनेछ ।

## (ग) कृषि क्षेत्रः

१. फलफुल, तरकारी तथा अन्न बालीहरुको पकेट क्षेत्रहरु लाई व्यवस्थित गरी सघन कृषि क्षेत्र निर्धारण गर्ने तथा ती स्थानहरुमा सँचालन गरिने कृषि कार्यक्रमहरु लाई ब्यावसायिकरुपले संचालनका लागि पहल गरिनेछ ।

२. **रैथाने बालीहरुको विउ संरक्षण, खेती विस्तार र बजारीकरणको** लागि आवश्यक पहल गरिनेछ । गाउँपालिका भ्रमण गर्ने पर्यटकहरु लाई स्थानीय परिकारको ब्राण्डको रुपमा त्यस्तो खाना उपलब्ध गराइने छ ।

३. कृषि उपजको, आयात प्रतिस्थापनको नीति लिई कृषि तथा पशुपालनलाई आधुनिक प्रविधिमा आधारित तुल्याउदै निर्वाह मुखी कृर्षि प्रणालि लाई व्यवसायीकरण गर्न आवश्यक पहल गरिनेछ । किसानहरुले उत्पादन गरेको फसलहरुको बजारीकरणका लागि विभिन्न निकायहरु सँग समन्वय गरिनेछ ।

४. कृषकहरुको तथ्याङ्क राख्ने कार्य लाई थप व्यवस्थीत गर्दै आगामी आर्थिक वर्षमा सबै तथ्याङ्क संकलन कार्य सम्पन्न गरिनेछ।

५. गाउँपालिका भित्रका उत्कृष्ट तथा व्यवसायीक कृषकहरु लाई कृषि शाखा वाट आवश्यक प्राविधिक सल्लाह दिनु का साथै प्रोत्साहन उपलब्ध गराईनेछ ।

६. गाउँपालिका भित्र उत्पादित तरकारी तथा खाध्यान्नहरु लाई सामुदायीक विद्यालयहरुको दिवा खाजा कार्यक्रम सँग जोड्दै बजार सुनिश्चित गरिनेछ । कृषि उत्पादनहरु लाई विषादी रहित तथा अर्गानीक बनाउन पहल गरिनेछ ।

७. दुग्ध जन्य कृषि उत्पादन तथा मासु जन्य कृषि उत्पादन लाई बढवा दिन नश्ल सुधार, कृतिम गर्भाधान लगायतका आवश्यक कार्यक्रमहरु सँचालन गरी किसानहरु लाई व्यवसायीक बनाउने गरी उक्त उपजहरुको आन्तरिक उत्पादन बृद्दी गरी आयात प्रतिस्थापनका लागि विशेष पहल गरिनेछ ।

८. कृषि योग्य भुमीमा सिँचाई सुविधा पुर्याउन साना तथा मझौला खालका सिँचाई आयोजनाहरु निर्माणका लागि पहल गरिनेछ।

९. पशुपालक किसानहरुको क्षति न्यूनिकरणका लागि पशु विमा तथा वाली विमा कार्यक्रम लागु गर्न विशेष पहल गरिनेछ । न्यून आर्थिक अवस्था भएका व्यवसायीक पशुपालक किसानहरुको ५०% विमा वाफतको रकम स्थानीय सरकारले व्यहोर्ने व्यवस्था मिलाईनेछ ।

१०. गाउँपालिकाले प्रदान गर्ने पशु स्वास्थ्य सेवा लाई थप प्रभावकारी रुपमा लागु गरिनेछ । निःशुल्क वितरण गरिने औषधि लगायतका अन्य पशु स्वास्थ्य परामर्श सेवाहरु लाई व्यवस्थीत गर्दै प्रभावकारी वनाईनेछ ।

११. गाउँपालिका भित्र उत्पादिन कृषि उपजहरुको लामो समय सम्म भण्डारण गर्न सित भण्डार गृह निर्माणका लागि आवश्यक पहल गरिनेछ ।

१२. महिला स्वास्थ्य स्वयमसेवीका, स्वास्थ्य कर्मी तथा कृषि शाखामा कार्यरत कर्मचारीहरुको संयुक्त पहलमा एक घर एक करेशावारी कार्यक्रम लागु गरि मौसम अनुसारका तरकारी उत्पादन तथा पोषण अभिबृद्दीका लागि विशेष पहल गरिनेछ ।

१३. कृषक हरुको आयआर्जन बृद्दीका लागि उन्नत जातको विउँ विजन, घाँसको विउँ वितरण तथा सिजनल फलफूलका विरुवा वितरण कार्यक्रम लाई निरन्तरता दिईनेछ ।

१४. गाउँपालिका भित्र उत्पादन भयका कृषि उत्पादनहरुलाइ बजारिकरण गर्न कृषि एम्बुलेन्स कार्यक्रम सञ्चालन गरिनेछ ।

१५. एक परिवार एक फलफुल रुख, एक कार्यालय १० फलफुल रुख रोपौ कार्यक्रम सञ्चालन गरिनेछ ।

१६. पालिका भित्र उत्पादन हुने कृषि सामाग्रीलाइ प्रशोधन गरी बजारमा पुर्याउन र त्यसको ब्राण्डिङ गर्न सक्ने युवा कृषि औद्योगिकरण सहकारी स्थापनाको सम्भावनाको अध्यन गरिने छ ।

## (घ) सहकारी क्षेत्रः

१. जनमानसमा उत्पन्न सहकारी संस्थाहरु प्रतिको वर्तमान वितृष्णा लाई न्यूनीकरण गर्दै सहकारीहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्न तथा निच्छेपकर्ताहरुको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी तुल्याइनेछ ।

२. गाउँपालिका क्षेत्र भित्र रहेका कृषिसहकारी लगायतका अन्य सहकारीहरु लाई व्यवस्थीत गर्दै गाउँपालिकामा अनिवार्य दर्ता गर्ने तथा गाउँपालिका वाट अनुगमन तथा नियमन गर्ने व्यवस्था गरिनेछ।
३. उत्पादन मूलक सहकारीहरुको स्थापना गरिएमा विँउपूजी लगानीको रुपमा सहयोग उपलब्ध गराइने र वार्षिक उत्पादनमा अनुदान दिने नीति लिइनेछ।
४. गाउँपालिका भित्र स्थापना हुने कृषि समूह निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्यक्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ।

## (ङ) महिला वालवालिका तथा समाजकल्याण क्षेत्रः

१. लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ। लैंगिक हिंसा विरुद्द शुन्य सहनसिलताको नीति अवलम्बन गरिनेछ।
२. महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अतिगरिब, आदि वासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ।
३. जेष्ट नागरिक तथा फरक क्षमता भएका नागरिकहरुको मर्यादीत जिवनका लागि उहाँहरु प्रतिको दुर्व्यवहारमा शुन्य सहनसिलताको नीति अवलम्बन गरिनेछ। जेष्ठ नागरिकहरुको अनुभव तथा सिपको उपयोग गर्दै जेष्ठ नागरिक सम्मान कार्यक्रम, अपाङ्गता भएका नागरिक लाई सहायता सामाग्री सहयोग कार्यक्रम लाई निरन्तरता दिईनेछ। सामाजिक सुरक्षा भत्ता वितरण कार्य लाई सहज गर्न बैंक सँग आवश्यक समन्वय गरिनेछ।
४. हिंसा मुक्त गाउँपालिका अभियान संचालन गरी सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलता नीति लिइनेछ। घरेलु हिंसा द्वारा पिडितको संरक्षणका कार्यक्रम संचालन गरिनेछ।
५. महिला उद्यमसीलता विकासका लागि महिला द्वारा संचालित व्यवसायमा निश्चित प्रतिशत कर छुटको व्यवस्था गरिनेछ।
६. गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम संचालन गरिनेछ।
७. बाल अधिकारको सुनिश्चितताको लागि गाउँपालिका तथा वडा स्तरीय बालक्लब संजाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ। बाल श्रम मुक्त तथा बालमैत्री गाउँपालिका निर्माणका लागि आवश्यक पहल गरिनेछ।
८. लैंङ्गीक हिँसा निवारण, वालविवाह न्यूनिकरण, छाउपडी प्रथा, छुवाछुत तथा जातिय विभेद लगायतका समाजमा विद्धमान विभिन्न किसिमका कुपप्रथा तथा कुसंस्कारहरु लाई न्यूनिकरण गर्न आवश्यक कार्यक्रमहरु तयार गरी लागु गरिनेछ।
९. लैंङ्गीक हिंसामा परेका न्यून आर्थिक अवस्था भएका नागरिकहरु लाई लैंङ्गीक हिंसा निवारण कोष वाट आवश्यक सहयोग गर्ने कार्य लाई निरन्तरता दिईनेछ।
१०. कार्यविधि बमोजिम सामाजिक सुरक्षाको रुपमा दिईने एकल पुरुष भत्ता वितरण लाई निरन्तरता दिईनेछ।
११. आर्थिक रुपले विपन्न तथा दलितहरु लाई आय आर्जन मुलक कार्यक्रम तथा परम्परागत व्यवसाय सुदृढीकरण का लागि आवश्यक नीति तयार गरी लागु गरिनेछ।

## (च) उद्यमशिलता विकास, रोजगार तथा स्वरोजगार क्षेत्रः

**१.** उद्यम विकासशाखा वाट सँचालन हुने सिप विकास मूलक कार्यक्रमहरु लाई व्यवस्थीत तरीकाले सँचालन गरी स्वरोजगारी तथा लघुउद्यमीहरु उत्पादन गर्न विषेश पहल गरिनेछ। विगतमा तालिम लिएका नागरिकहरुको लगत राखि तालिम प्राप्तहरु लाई उद्यम तिर प्रोत्साहित गर्न आवश्यक कार्यक्रम सँचालन गरिनेछ।
**२.** उद्यमीहरु लाई आवश्यक प्रविधि हस्तान्तरण कार्य लाई निरन्तरता दिईनेछ।
**३.** प्रधानमन्त्री रोजगार कार्यक्रमलाई तालुक मन्त्रालयको कार्यक्रम सँचालन निर्देशिका तथा कार्यविधि बमोजिम परिणाम मुखी तथा दिगो भौतिक सँरचना निर्माण तर्फ केन्द्रित गरिनेछ। उक्त कार्यक्रमका लागि आवश्यकताको आधारमा सामाग्रि खरिद तथा दक्ष जनशक्ति परिचालन गर्न आवश्यक व्यवस्था मिलाईनेछ।
**४.** गाउँपलिका वाट विनियोजीत रकम वाट सँचालन हुने भौतीक पूर्वाधार निर्माणका योजनाहरुमा सेवा क्षेत्रका उपभोक्ताहरु लाई विपन्नता तथा वेरोजगारीका आधारमा काममा प्राथमिकता दिईनेछ।
**५.** स्वरोजगारका तर्फ उन्मुख घरेलु तथा लघु उद्यमिहरु लाई प्रोत्साहन गर्ने निति अबलम्बन गरिनेछ।

६. विपन्न, दलित तथा महिलाहरुका लागि निःशुल्क लोक सेवा आयोगको तयारी कक्षा संचालनका लागि आवश्यक व्यवस्था गरिनेछ ।

## (छ) वन, वातावरण, विपद व्यवस्थापन तथा जलवायु परिवर्तन क्षेत्रः

" वन बहुआयामीक तथा सामूहिक धन " **भन्ने मुल नाराका साथ**

१. गाउँपालिका क्षेत्र भित्रका सामुदायीक वनहरु, सरकारी वनहरु तथा नीजि वनहरु लाई संरक्षण गर्न विषेश कार्यक्रमहरु सञ्चालन गरिनेछ । विद्धमान बन क्षेत्रको क्षेत्रफल विस्तार तथा वनको घनत्व बृद्दी तथा संरक्षणका लागि वन उपभोक्ता समूहहरु सँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गरी समितिहरु लाई अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

२. जलाधार तथा सिमसार क्षेत्रहरुको संरक्षण एवं प्रवर्द्धन गर्दै ती श्रोतहरु बाट खानेपानी आपूर्तिको प्रबन्ध मिलाइनेछ ।

३. विभिन्न खोला, नदी तथा अन्य स्रोत बाट खानेपानीलाई आपूर्ति गर्ने व्यवस्थाको लागि प्राविधिक सम्भाव्यता अध्ययन गरी संघ सरकार र प्रदेश सरकारको सहकार्यमा निर्माण कार्य अघि बढाइनेछ ।

४. सडक किनारा र सार्वजनिक स्थानहरु लाई हरियाली र सुन्दर तथा सफा राख्ने नीति तय गरिनेछ ।

५. जयवायु परिवर्तनको असर लाई न्यूनिकरण गर्न आवश्यक जनचेतना मुलक तथा सचेतना मुलक कार्यक्रमहरु सँचालन गरिनेछ।

६. विभिन्न किसिमका विपद जन्य घटनाहरु लाई न्यूनीकरण गर्न तथा विपद वाट हुने क्षेती न्यूनीकरणका लागि आवश्यक कार्यक्रम सँचालन गरिनेछ । विपद उद्धार तथा राहात कार्य लाई व्यवस्थीत गर्न विपद व्यवस्थापन कोष खातामा आवश्यक रकम जम्मा गरी सोही कोष खाता वाट व्ययभार व्यहोर्ने नीति अवलम्बन गरिनेछ ।

७. आवश्यकता अनुसार विपद प्रभावित पुःन स्थापना सम्बन्धी रणनीति तय गरिनेछ । खुल्ला क्षेत्रको पहिचान विपद जोखिम नक्साङ्कन लगायतका कार्यहरु गरिनेछ । भुकम्प प्रतिरोधी संरचानाहरु निर्माण मा विशेष जोड दिईनेछ ।

८. विपद प्रभावितहरुका लागि गाउँपालिकाको विपद व्यवस्थापन कोष खाता वाट दिईने राहत रकम भुक्तानीका लागि आवश्यक कार्यविधि निर्माण गरी छरितो तरिकाले राहत वितरण गर्ने नीति अवलम्बन गरिनेछ ।

९. नदी जन्य तथा खानी जन्य उत्पादनहरु जस्तै ढुङ्गा, गिट्टी, वालुवा उत्खनन तथा नीकासीमा निश्चित मापदण्ड तय गरिनेछ।

१०. वन पैदवार संरक्षण तथा व्यवस्थापनका लागि आवश्यक पहल गरीनेछ । वन पैदवार तथा वन्यजन्तुको चोरी नीकासी नियन्त्रणका लागि सम्बन्धित निकायहरु सँग सहकार्य गरिनेछ ।

११. "**म बनाउछु मेरो गाउँ सुन्दर**" कार्यक्रम अन्तरगत प्रत्यक विद्यालयले बर्षमा एक पटक आफैले उत्पादन गरेका फुलका विरुवालाइ विद्यालय वरपर रोप्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

## (ज) आर्थिक विकास तथा पर्यटन विकास क्षेत्रः

'' पर्यटकीय क्षेत्रहरुको विकास र विस्तार आर्थिक विकास को मुल आधार'' भन्ने नाराका साथ

१. पर्यटन विकास लाई स्थानीय आर्थिक विकासको मेरुदण्डको रुपमा लिईनेछ । गाउँपालिका क्षेत्र भित्रका पर्यटकीय क्षेत्रहरुको स्तरोन्नती, सहज पहुँचका लागि आवश्यक आधारभुत भौतीक संरचना निर्माण तथा प्रचार प्रसारमा मा जोड दिईनेछ ।

२. गाउँपालिका भित्र रहेका पर्यटकीय क्षेत्रहरु बित्थड, भाटी गुफा, दहताल, खसिलडा, सिगासधुरा, रुमधुम, पट्टो लेक, धारछडी झरना, दिक्कोट लगाएत क्षेत्रहरु लाई व्यवस्थीत गर्न पर्यटन प्रबर्धनका लागि प्रचार प्रसार तथा आवश्यक पूर्वाधार निर्माणका लागि प्रदेश सरकार तथा संघीय सरकार सँग पहल गरिनेछ ।

३. निर्माणाधिन बित्थड पर्यटकीय पार्क लाई व्यवस्थित रुपले सँचालन गर्न आवश्यक जनशक्ती तथा स्रोत साधनको व्यवस्था गरिने छ ।

४. गाउँपालिकाको समग्र आर्थीक विकासका लागि घरेलु तथा लघु उद्यमी सृजना गर्ने, उद्यम तिर प्रोत्साहन गर्ने, कृषि फर्महरु लाई सक्रिय बनाउने , उत्पादन लाई बजारीकरणका लागि सहजिकरण गरिदिने, उद्यमीहरु लाई प्रोत्साहन सहयोग दिने नीति अवलम्बन गरिनेछ ।

५. कृषि तथा गैह्र कृषि क्षेत्रको विकास तथा व्यवस्थापन, उत्पादन बृद्दी लगाएतका विषयमा आवश्यक नीति तयार गरी लागु गरिने छ ।

६. स्थानीय कच्चा पदार्थहरु जस्तै भाङ्गो, अल्लो लगायत विभिन्न वन पैदवारमा आधारित साना तथा घरेलु उद्योगहरु लाई विषेश प्राथमीकता दिईनेछ ।

७. धार्मीक तथा साँस्कृतीक ईतिहाँस बोकेका स्थानीय कला र संस्कृतीको जगेर्ना, गरी विभिन्न स्थानमा सँचालन हुने धार्मीक जात्रा तथा मेला पर्वहरु लाई पर्यटकीय दृष्टीकोण वाट जोडिनेछ ।

८. बित्थिड पर्यटकिय क्षेत्र प्रचार प्रशार तथा पर्यटन प्रवर्धनका लागी राष्टिय स्तरको सम्मेलन आयोजना गरिने छ ।

## (झ) भौतीक पूर्वाधार विकास तथा शहरी विकास क्षेत्रः

१. आगामी आर्थिक वर्षमा गाउँपालिका को आवधिक योजना, सडक गुरु योजना तथा मध्यकालिन खर्च संरचना तयार गरिनेछ। पूर्वाधार निर्माणका आयोजनाहरु संचालन गर्दा लागत-लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामुलक विकासको आधारको रुपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाहिकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचानगरी “आयोजना बैंक” तयार गरिनेछ । आयोजना बैंकमा रहेका योजनाहरु लाई क्रमशः कार्यान्वयनका लागि प्राथमीकता दिईनेछ ।

२. गाउँपालिकाको भू-उपयोग क्षेत्र निर्धारण गरी वस्ति विकास योजना सहित भौतिक विकास गुरूयोजना तयार गरी आवास तथा वस्ति विकास, भवन तथा सार्वजनिक निर्माण लगायत पूर्वाधार निर्माण कार्य ब्यवस्थित र गुणस्तरीय रूपमा सञ्चालन गरिनेछ।

३. नागरिकको सुरक्षित आवासको हक लाई सुनिश्चित गर्न खरका छना मुनी बसोवास गर्ने न्यून आर्थिक अवस्था भएका नागरीकहरु लाई सुरक्षित नागरिक आवास कार्यक्रम अन्तरगत जस्ताको छाना निर्माण कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।

४. ठुला भौतिक पूर्वाधारका योजना निर्माण गर्नु पूर्व वातावरणीय प्रभाव मूल्याङ्कन अनिवार्य गरिनेछ । गाउँपालिकाका गौरवका आयोजना निर्धारण गरी कार्यान्वयनका लागि प्राथमिकताका साथ बजेट विनियोजन गरिनेछ ।

५. गाउँपालिका भित्रका मुख्य बजार क्षेत्रमा सुरक्षित खानेपानी, सार्वजनीक शौचालय निर्माण, फोहोरमैला व्यवस्थापन तथा स्ट्रेट लाईट जडान जस्ता शहरि विकासका कार्य सँचालन गर्न पहल गरिनेछ । फोहोरमैला व्यवस्थापन तथा विसर्जनका लागि आवश्यक पर्ने डम्पिङ साईटको पहिचाहन गरिनेछ ।

६. विगतका आर्थिक वर्ष देखि निर्माणाधिन तथा अधुरा योजनाहरु  लाई सम्पन्न गर्न क्रमागतरुपमा बजेट विनियोजन गरिनेछ ।

७. भवन निर्माण कार्य लाई सुरक्षित र व्यवस्थित गर्न नेपाल राष्ट्रिय भवन संहिता,२०६०, वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड, २०७२, राष्ट्रिय भू-उपयोग नीति, भवन तथा योजनामापदण्ड ,२०५६ लगायतका राष्ट्रिय प्रादेशिक स्थानीय भूमिव्यवस्थापन तथा भवन नियमन सम्बन्धी ऐन, मापदण्ड तथा निर्देशिकाहरुलाई कडाईका साथ लागु गरी सुरक्षित एवं व्यवस्थित निर्माण गर्ने नीति लाई अबलम्बन गरिनेछ ।

८. राष्ट्रिय भु-उपयोग नीति अवलम्वन गरिनेछ, जग्गाको वर्गिकरण कार्य आगामी आर्थिक वर्षमा सम्पन्न गरिनेछ ।

९. विभिन्न समयमा गाउँपालिकाले निर्माण गरेका पुर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार अद्यावधिक तथा मुल्यांकन गरी सार्वजनिक सेवा प्रभावमा प्रभावकारी उपयोग सम्बन्धी योजना(Asset Management Plan) तयार गरी कार्यान्वयन गरिनेछ ।

१०. पूर्वाधारका योजनाको निर्माण तथा सञ्चालनमा संघीय सरकार, प्रदेश सरकार तथा निजी क्षेत्र संगको साझेदारीका लागि विभिन्न आयोजना तयार गरि कार्यान्वयन गरिनेछ ।

११. टुक्रे योजनाहरु लाई निरुत्साहित गरिनेछ । गाउँपालिका क्षेत्र भित्र उपभोक्ता समिति मार्फत निर्माण हुने सार्वजनीक संस्थाहरुको भौतिक निर्माणमा गुणस्तरियता कायम गर्न तथा दिगो पना समेत कायम गर्न जनश्रमदानको अंश न्युनतम ५ प्रतिशतमा झारिनेछ।

१२. गाउँपालिका वासी लाई सुरक्षीत खानेपानीको सुनिश्चितताका लागि एक घर एक धारा को अवधारणा लाई निरन्तरता दिईनेछ । सरसफाई प्रवर्धनका लागि आवश्यक नीति तय गरिनेछ ।

१३. ग्रामीण तथा कृषि सडकहरु लाई व्यवस्थीत रुपमा बाह्रै महिना सञ्चालन गर्न निर्मीत सडकहरुको स्तरोन्नती लाई विषेश प्राथमीकता दिईनेछ ।

१४. उज्यालो बित्थडचिर अभियानलाई साकार पार्न नेपाल विद्युत प्राधिकरण सँगको लागत साँझेदारीमा गाउँपालिका गौरवको आयोजनाको रुपमा ग्रामीण क्षेत्र लाई क्रमश राष्ट्रिय विद्युत प्रशारण लाईन सँग जोड्ने कार्य लाई निरन्तरता दिईनेछ । विद्युत महसुल भुक्तानीका क्रममा जनताहरुले पाएको विद्यमान शास्ती लाई न्यूनीकरण गर्न नेपाल विद्युत प्राधिकरण सँग आवश्यक समन्वय गरिनेछ ।

१५. बैकल्पिक उर्जाको विकास, आधुनीक घट्टहरु, साना तथा लघु जलविद्युत आयोजनाहरु को विकास कार्य लाई निरन्तरता दिईनेछ।

## (ञ) सूचना तथा सँचार प्रविधिः

१. गाउँपालिकाका पालिका स्तरिय र वडा स्तरिय सेवाहरुलाइ छिटो, छरितो र त्रुटी रहित ढंगले प्रबाह गर्न “डिजिटल बित्थडचिर” कार्यक्रम अन्तर्गत बित्थडचिर एप निर्माण गरी पालिकाका ५० भन्दा बढी सेवाहरु अनलाइन माध्यम बाटै प्रबाह गर्ने व्यवस्था मिलाइने छ ।

२. बित्थडचिर एप अन्तर्गत जन गुनासा र सुझावहरु गाउँपालिका अध्यक्ष समक्ष पेश गर्न “हेलो सरकार” कार्यक्रम र गाउँपालिकाका सेवाहरु, योजना, कार्यक्रम वा अन्य कर्मचारी तथा जनप्रतिनिधी द्वारा प्रदान गरिने सेवाहरु संग सम्बन्धित सुझाव, सल्लाह र जनगुनाशाहरु पठाउन अनलाइन गुनाशो पेटिका “हेलो बित्थडचिर” कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइने छ ।

३. गाउँपालिका भित्रका स्थानिय उत्पादनहरुलाइ प्रोत्शाहन गर्न बजारलाइ प्रतिशप्रधात्मक बनाइ उचित मुल्यमा उत्पादक, बिक्रेता र ग्राहकहरुलाइ कारोवार गर्न सहज र सुलभ ढंगले इन्टरनेट मार्फत सुविधा प्रदान गरी ग्रामिण ब्यापार बिस्तार गर्न “बित्थडचिर रुरल कमर्स” कार्यक्रम सञ्चालन गरिनेछ ।

४. “कम्प्युटर इन्जिनियरिङ ओ जे टी व्यवस्थान” कार्यक्रम अन्तर्गत नेटवर्किङ र सफ्टवयर आधारभुत तालिम सञ्चालन, सर्भर सेटअप तथा सिप परिक्षण बुट क्याम्प कार्यक्रम सञ्चालन गरी पालिका स्तरमै दक्ष प्राविधिक जनशक्ति निर्माण गरिनेछ ।

५. पालिकाले प्रदान गर्ने अनलाइन सेवाहरुमा जनसहभागीताको पहुच सहज र सुलभ ढंगले बिस्तार गर्न प्रविधि सचेतना कार्यक्रम सञ्चालन गरिने छ।

६. प्रविधि मैत्री सेवा बिस्तारको लागी पालिकाका प्रशासन, सुचना र योजना शाखा मा इन्टरनेट सेवा विस्तार गरिनेछ ।

७. बित्थडचिरको स्थानिय सरकार बाट सम्पादन हुने कार्यक्रमको सुचना तथा जानकारी जनता माझ प्रवाह गर्न सामाजिक सँजाल, वेभवसाइट र अन्य सञ्चारका माध्यमहरु मार्फत सहज ढंगले सुचना प्रवाह गर्ने व्यवस्था मिलाइने छ ।

## (ट) सुशासन तथा शान्ति सुरक्षा क्षेत्रः

१. गाउँपालिकाले प्रवाह गर्ने सेवा सँग सम्बन्धित नागरिकहरुको गुनासो तथा सेवा सम्बन्धी जिज्ञासा सुन्ने र सोको प्रभावकारी रुपले सम्बोधन गर्ने व्यस्था मिलाईनेछ ।

२. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फरछ्यौट गर्ने कार्य अगाडी बढाईनेछ ।

३. ५ वर्ष भित्र गाउँपालिकाको आफ्नै प्रशासकीय भवन लगायत सबै वडा कार्यालयहरुले आफ्नै भवन वाट सेवा प्रवाह गर्ने नीति अवलम्बन गरी वडा कार्यालयहरुको केन्द्रमा जग्गा प्राप्ति गर्ने तथा भवन निर्माण गर्ने कार्य लाई प्राथमिकता दिईनेछ ।

४. गाउँपालिकामा स्वीकृत दरबन्दी अनुरुप कर्मचारी भर्नाका लागि लोकसेवा आयोगमा माग गरी कर्मचारी अभावको समस्या समाधान गरिनेछ । कर्मचारीहरु लाई बदलिदो प्रविधि तथा परिवेश अनुरुप सेवा प्रभावका लागि आवश्यक तालिमको व्यस्था गरिनेछ ।

५. जनप्रतिनिधिहरु का लागि आवश्यक तालिमको व्यवस्था गरिनेछ । विभिन्न किसिमका गोष्ठीहरु तथा अध्ययन अवलोकन भ्रमण समेतको व्यवस्था गरिनेछ ।

६. गाउँपालिका बाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुन सक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अख्तियार गरिनेछ। सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरुमा सुझाव तथा गुनासो पेटिकाहरु राखिनेछ।

७. गाउँपालिका बाट प्रवाह हुने योजना, लेखा, राजश्व लगायत सबै सेवाहरुमा सफ्टवेयरमा आधारीत बनाई विद्युतीय प्रणाली मा जोड्ने व्यस्था गरिनेछ।

८. सार्वजनीक खरिद कार्य लाई थप प्रभावकारी तथा चुस्त बनाउन खरिद योजना तथा खरिद समित बनाई सम्पूर्ण खरिद कार्य सार्वजनीक खरिद ऐन तथा नियमावली बमोजिम मात्र गरिनेछ।

९. उत्कृष्ट सेवा प्रवाह गर्ने जनप्रतिनिधि तथा कर्मचारी लाई प्रोत्साहन स्वरुप पुरुस्कृत गर्ने व्यवस्था गरिनेछ।

१०. गाउँपालिकाको सुरक्षा व्यवस्था लाई चुस्त र दुरुस्त बनाउन सुरक्षा निकाय लाई आवश्यक साधन स्रोतको व्यवस्था गरिनेछ।

११. सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखि तुल्याउन मध्यकालिन खर्चसंरचना (MTEF) पद्धति प्रयोगमा ल्याइनेछ।

१२. संघीय सरकार, प्रदेश सरकार तथा विभिन्न सरकारी तथा गैहसरकारी संस्थाहरु सँग समन्वय तथा सहकार्य गरी स्थानीय सरकारले आफ्नो श्रोत र साधनले गर्न नसकेका विभिन्न भौतिक, सामाजिक, आर्थिक विकासका क्षेत्रमा कार्य गर्नका लागि आवश्यक साझेदारी सहित पहल गरिनेछ।

१३. सवै वडा कार्यालयहरु, सामुदायीक विद्यालयहरु, स्वास्थ्य संस्थाहरुको कार्यसम्पादन लाई प्रभावकारी तथा प्राविधि मैत्री बनाउन विद्युत तथा ईन्टरनेट सेवाको पहुँच पुर्याईनेछ।

१४. गाउँपालिका भित्रका फोनको नेटवर्क नआउने ठाँउमा नेपाल टेलिकमको टावरहरु स्थापना गर्न तथा देउलेख स्थीत टावरलाई स्तरोन्नती गरी सबै समयमा सँचार सेवाको गुणस्तरीय पहुँच विस्तार गर्न नेपाल टेलिकम तथा नेपाल विद्युत प्राधिकरण सँग आवश्यक समन्वय गरीनेछ।

१५. जिल्ला स्थीत विभिन्न कार्यालय वाट प्रवाह हुने सेवा जस्तैः नागरिकता गाउँपालिका वाटै दिने व्यवस्थाका लागि सम्बन्धित कार्यालय हरु सँगको सहकार्यमा शिविरको आयोजना गर्न पहल गरिनेछ।

१६. प्रमुख प्रशासकीय अधिकृत सँग गाउँपालिका अध्यक्षले र शाखा प्रमुखहरु सँग प्रमुख प्रशासकीय अधिकृतले वार्षिक कार्य सम्पादन सम्झौता गरी गाउँपालिका वाट सम्पादन हुने कार्य लाई थप प्रभावकारी बनाईनेछ। सबै कर्मचारीहरुको कार्यक्षेत्र गत शर्त TOR तयार गरी लागु गरिनेछ।

१७. गाउँपालिका भित्र सञ्चालन हुने निर्माण कार्यमा कामदारहरु प्रयोग गर्ने तर समयमा ज्याला नदिने समस्या लाई समाधान गर्न निर्माण व्यवसायी ले अनिवार्य रुपमा कामदार सँग दैनीक रुपमा दिने ज्याला, चोटपटक लाग्दा उपचार तथा विमा सुविधा समेत खुलाई सम्झौता गर्नु पर्ने व्यवस्था गरिनेछ।

## (ठ) न्यायीक कार्य सम्पादनः

१. न्यायीक कार्य सम्पादन लाई चुस्त दुरुस्त र व्यवस्थीत गरिनेछ। न्यायीक समिति तथा न्यायीक समितिमा कार्यरत कर्मचारीको दक्षता अभिबृद्दीका लागि आवश्यक तालिमको व्यवस्था गरिनेछ।

२. गाउँपालिकाका ९ वटै वडाहरुमा मेलमिलाप कर्ताहरुको व्यवस्था गरी क्षमता विकास का लागि आवश्यक तालिम समेतको व्यवस्था गरिनेछ।

३. न्यायीक समितिको क्षेत्राधिकार भित्र रहेका मुद्दाहरुको समयमै सुनुवाई गर्ने व्यवस्था गरिनेछ। विद्यमान कानूनी व्यवस्था तथा न्यायीक समितिको क्षेत्राधिकार सम्बन्धी जानकारी दिने गरी समुदायमा कार्यक्रम सँचालन गरिनेछ।

गाउँ सभा सदस्यहरु,

अन्तमा यो नीति तथा कार्यक्रम तर्जुमाको क्रमका सहयोग गर्नु हुने उपाध्यक्ष ज्यू , वडाध्यक्ष ज्यूहरु, सबै विषयगत शाखाका जिम्मेवार पदाधिकारीहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत शाखा प्रमुखहरु र सम्पूर्ण राष्ट्र सेवक कर्मचारीहरु, आफ्नो अमूल्य राय सुझाव दिनु हुने राजनीतिक दल, विभिन्न पेशा सँग आवद्द पेशा कर्मीहरु लगायत आम बित्थडचिर वासी नागरीकहरु लाई धन्यवाद दिदै नीति कार्यक्रमको कार्यान्वयको लागि रचनात्मक सुझाव सहित सहयोगको अपेक्षा गरेको छुँ।

**धन्यवाद ।**

अध्यक्ष

अम्मर सिंह महर